# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९ ] काठमाडौं, मार्ग ३० गते २०२६ साल [ संख्या ३५


श्री ५ को सरकार

## जल तथा विद्युत् मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले बनाएको निम्न लेखिए बमोजिमको विद्युत् (पहिलो संशोधन) नियमावली, २०२६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### विद्युत् (पहिलो संशोधन) नियमावली, २०२६

विद्युत् नियमावली, २०२५ ( यस पछि "मूल नियमावली" भनिएको ) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नहर तथा विद्युत् र तत् सम्बन्धी जलश्रोत ऐन, २०२४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "विद्युत् (पहिलो संशोधन) नियमावली, २०२६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम २७ मा थपः– मूल नियमावलीको नियम २७ को उप-नियम (२) पछि देहाय बमोजिमको उप-नियम (३) थपिएको छ –



४२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-नियम (१) बमोजिमको अनुमतिपत्र हराएमा रु. १०।– दस्तूर लिई अनुमतिपत्रको प्रतिलिपि दिन सकिनेछ ।

३. मूल नियमावलीको नियम २८ मा संशोधनः– मूल नियमावलीको नियम २८ को सट्टा देहाय बमोजिमको नियम २८ राखिएको छ ।

२८. उत्पादन शुल्कः– ऐनको दफा ५ को उपदफा (६) को प्रयोजनाको लागि विद्युत् शक्ति उत्पादन गर्ने वा वितरण गर्ने अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले देहाय बमोजिमको वार्षिक उत्पादन शुल्क श्री ५ को सरकारलाई बुझाउनुपर्नेछ ।

स्पष्टीकरणः– वार्षिक उत्पादन शुल्क भन्नाले एक आर्थिक वर्षभित्रको उत्पादन शुल्कलाई जनाउँछ ।

(क) शक्तिमापक यन्त्र जडान भएकोमाः–

(१) नेपाल विद्युत कर्पोरेशनको लागि उत्पादित एक युनिटको पाँच पैसाको दरले,

(२) उप-खण्ड (१) वाहेक अन्य अनुमतिपत्र पाउने व्यक्तिको लागि उत्पादित एक यूनिटको एक पैसाको दरले,

(३) विदेशमा विद्युत शक्ति खरिद गरी नेपाल अधिराज्यमा विद्युत वितरण गरेमा दुई यूनिटको एक पैसाको दरले, र

(ख) शक्तिमापक यन्त्र जडान नभएकोमाः–

(१) आकस्मिक प्रयोग (स्टेण्ड वाई) को लागि प्रत्येक किलोवाटको वार्षिक रु. १०।– का दरले,

(२) आकस्मिक प्रयोग वाहेक अरूको लागि प्रत्येक किलोवाटको वार्षिक रु. २०।– का दरले ।

तर, यी कारण वा अन्य मनासिब कारणले गर्दा विद्युत शक्ति उत्पादन गर्न नसक्ने अवस्था परेमा श्री ५ को सरकारले खण्ड (ख) को उप–खण्ड (२) बमोजिमको शुल्क कम गर्न वा नलिन पनि सक्नेछ ।

(ग) अनुमतिपत्र पाउने व्यक्तिले खण्ड (क) र (ख) बमोजिमको उत्पादन शुल्क श्री ५ को सरकारले माग गरेको मितिले तीन महीनाभित्र बुझाउनु पर्नेछ । उक्त अवधिभित्र बुझाउन नसक्ने अनुमतिपत्र पाउने व्यक्तिलाई जति बढी महीनामा उत्पादन शुल्क बुझाउन ल्याउँछन् त्यस्ता प्रत्येक बढी महीनाको हकमा निजले बुझाउनु पर्ने शुल्कको ५ प्रतिशतको दरले थप शुल्क लाग्दै जानेछ ।

४. मूल नियमावलीको नियम ४६ मा संशोधन :– मूल नियमावलीको नियम ४६ को सट्टा देहाय बमोजिमको नियम ४६ राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६. आफ्नोमिटरबाट अरूलाई बत्तिको लाइन दिन नहुने:–ग्राहकले आफ्नो मिटरबाट अरूको घरमा विद्युत लाइन दिनु हुँदैन । तर साविकदेखि विद्युत लाइन दिई राखेको भए अनुमतिपत्र पाउने व्यक्तिलाई साविक दस्तूर तिरी यो नियमावली लागू भएको मितिले तीन महीनासम्म मात्र त्यस्तो लाइन कायम रहन सक्नेछ । यो नियमको विपरित विद्युत लाइन दिएको ठहरेमा अनुमतिपत्र पाउने व्यक्तिले त्यस्तो ग्राहकको लाइन (कनेक्शन) काटी कानूनी कारवाहि गर्न सक्नेछ ।

५. मूल नियमावलीको नियम ४७ मा संशोधन :– मूल नियमावलीको नियम ४७ को सट्टा देहाय बमोजिमको नियम ४७ राखिएको छ ।

४७. अनुमतिपत्र पाउने व्यक्तिको स्वीकृति लिई विद्युत वितरण गर्न सकिने :– ग्राहकले अनुमतिपत्र पाउने व्यक्तिको स्वीकृति लिई आफ्नो ठूलो घर कम्पाउण्ड वा औद्योगिक क्षेत्रभित्र एक ठाउँमा मेन मिटर राखी सो कम्पाउण्डभित्रको अन्य कुनै घर, क्वाटर वा उद्योगहरूलाई बेग्ला बेग्लै मिटर जडान गरी विद्युत वितरण गर्न सक्नेछ । यस्तो ग्राहकलाई अनुमतिपत्र पाउने व्यक्तिले नियम ३६ बमोजिम लाग्ने महसूलको अंकमा ५ पांच प्रतिशतसम्म रियायत दिन सक्नेछ ।

६. मूल नियमावलीको नियम ८७ पछि थप:– मूल नियमावलीको नियम ८७ पछि देहाय बमोजिमको नियम ८८, ८९, ९०, ९१, ९२ र ९३ थपिएको छ :–

८८. विद्युत शक्ति प्रसारण तथा वितरण गर्ने लाइनको दायाँ बायाँ घर बनाउन तथा रूख रोप्न निषेध गर्न सक्ने :– श्री ५ को सरकारले वा श्री ५ को सरकारको पूर्व स्वीकृति लिई अनुमतिपत्र पाउने व्यक्तिले विद्युत शक्ति प्रसारण तथा वितरण गर्नको लागि गै राखेको निम्न बमोजिमको क्षमता भएको नाङ्गो तारको लाइन मुनि तथा त्यस्तो लाइनको दायाँ बायाँ देहाय बमोजिमको दूरीभित्र घर बनाउन वा रूख रोप्न निषेध गर्न सक्नेछ ।

(क) ११,००० भोल्ट र सो भन्दा माथिल्लो भोल्टको क्षमता रहेको लाइन भएमा :–

(अ) ११,००० भोल्टको लाइनको दायाँ बायाँ क्रेडल भएमा ६।६ फीट (१.८२ मीटर) र क्रेडल नभएमा २५।२५ फीट (७.६३ मिटर),

(आ) ३३,००० भोल्टको लाइनको दायाँ बायाँ ३२।३२ फीट (९.७६ मीटर),

४२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(इ) ६६,००० भोल्टको लाइनको दायाँ बायाँ ४०।४० फीट (१२.१० मीटर); र

(ई) ६६,००० भोल्ट भन्दा बढी भोल्टको लाइनको दायाँ बायाँबाट निषेध गरिने दूरीको हिसाब गर्दा ४० फीट (१२.१० मीटर) मा थप हुने गरी प्रत्येक ३३,००० भोल्टको लागि ८ फीट (२.४४ मीटर) थप गरी हिसाब गर्नु पर्नेछ ।

(ख) ११,००० भोल्ट भन्दा मुनिको भोल्टको क्षमता रहेको लाइन भएमा:–

(अ) ६,६०० भोल्टको लाइनको दायाँ बायाँ क्रेडल भएमा ६।६ फीट (१.८२ मीटर) र क्रेडल नभएमा १२।१२ फीट (३.६६ मीटर),

(आ) ३,३०० भोल्टको लाइनको दायाँ बायाँ ६।६ फीट (१.८२ मीटर) र

(इ) लो टेन्शन लाइनको दायाँ बायाँ ४।४ फीट (१.२१ मीटर)।

८९. घर बनाउन आवेदन दिनुपर्ने :– (१) नियम ८८ मा उल्लेखित दूरीभित्र घर बनाउन चाहने जग्गाधनीले आफ्नो जग्गाबाट गई राखेको विद्युत लाइनको धनी समक्ष घर बनाउन पाउँ भनी लिखित आवेदन दिनु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिम आवेदन प्राप्त हुन आएमा विद्युत लाइनको धनीले (श्री ५ को सरकार वा अनुमतिपत्र पाउने व्यक्ति जस्को लाइन हो उस्ले) देहाय बमोजिमको व्यवस्था गर्न सक्नेछ :–

(क) लाइनमा क्रेडलको व्यवस्था गरी निषेध गरेको दूरीलाई घटाई दिने वा

(ख) लाइन सारी दिने

९०. खर्च व्यहोर्नु पर्ने :– नियम ८९ को उपनियम (२) को खण्ड (ख) बमोजिमको व्यवस्था गर्दा लाग्ने खर्च देहाय बमोजिम व्यहोर्नु पर्नेछ :–

(क) पहिले लाइन लैजांदा "राइट अफ वे" (Right of way) को हर्जाना जग्गाधनीलाई तिरी सकिएको भए लाइन सार्नमा लाग्ने खर्च जग्गाधनीले व्यहोर्नु पर्नेछ ।

(ख) पहिले लाइन लैजांदा जग्गाधनीलाई "राइत अफ वे" (Right of way) को हर्जाना नतिरी लाइन लगिएको रहेछ भने लाइन सार्नमा लाग्ने खर्च लाइनको धनी श्री ५ को सरकार वा अनुमतिपत्र पाउने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

४३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, यो नियम लागू हुनु भन्दा अगाडि नै निर्माण भै कायम रहेको लाइन सार्नु पर्ने भएमा यो नियम लागू भएको १ वर्षसम्मको अवधिको लागि "राइट अफ वे" ( Right of way ) को क्षतिपूर्ति नतिरिएको भएता पनि लाइन सार्ने वा केडल जडान गर्ने सबै खर्च जग्गाधनीले व्यहोर्नु पर्नेछ ।

९१. क्षतिपूर्ति दिइने :– ११,००० भोल्ट वा सो भन्दा मुनिको वा माथिको भोल्टको प्रसारण लाइनहरू सार्न नसकिने अवस्था पर्न गै नियम ८८ बमोजिमको दूरीमा घर बनाउन चाहने आवेदकले घर बनाउन नपाएमा त्यस्ता जग्गाधनीलाई श्री ५ को सरकारले निर्धारण गरे बमोजिमको एकमुष्ट "राइट अफ वे" ( Right of way ) सम्बन्धी क्षतिपूर्ति विद्युत लाइनको धनीले दिनु पर्नेछ ।

तर यस्तो "राइट अफ वे" सम्बन्धी क्षतिपूर्ति देहाय बमोजिमको अवस्थामा दिइने छैन :–

(क) श्री ५ को सरकारको जग्गा जमिन भएसा, वा

(ख) गाउँ पञ्चायत वा नगर पञ्चायतको अधिनमा भएको जग्गा जमिन भएमा, वा

(ग) जग्गाधनीलाई बिजुली उपलब्ध गराउन जडान भएको सर्भिस लाईन मुनिको जग्गा भएमा, वा

(घ) शहरी वा ग्रामिण क्षेत्रमा घनावस्ती भै घरहरू आपसमा टाँसिइरहेकोमा एउटा घरबाट अर्को घरमा विद्युत लाइन लैजांदा बाटोमा पर्ने अन्य कुनै घरको भित्ताबाट मेन लाइन लगिएमा ।

९२. श्री ५ को सरकारले प्रबन्ध गर्ने :– नियम ८८ बमोजिम निषेध गरिएको जग्गामा कसैले घर बनायो वा रूख रोप्यो भने श्री ५ को सरकारले कुनै क्षतिपूर्ति नदिई त्यस्तो घरलाई भत्काई दिने र रूख भए जरैबाट उखेलेर फ्यांकी दिने प्रबन्ध गर्नेछ ।

९३. सल्लाहकार समिति गठन:– (१) नियम ९१ को उद्देश्यको लागि क्षतिपूर्ति निर्धारण गर्ने काममा श्री ५ को सरकारलाई सल्लाह दिनको लागि देहाय बमोजिम अध्यक्ष तथा सदस्यहरू भएको अञ्चल स्तरीय सल्लाहकार समिति गठन गरिएको छ :–

(क) सम्बन्धित अञ्चलाधीश वा निजले खटाएको दर्जा पुगेको प्रतिनिधि – – – – – – – – अध्यक्ष

239

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सम्बन्धित जिल्ला माल वा भूमिप्रशासन कार्यालयको हाकिम– – – – सदस्य

(ग) हर्जाना निर्धारण गर्नु पर्ने ठाउंको गाउँ वा नगर पञ्चायतको प्रधान पञ्च – – – सदस्य

(घ) जल तथा विद्युत मन्त्रालयले खटाएको आफ्नो विभागहरू अन्तरगतको नजिकको कार्यालयको ओभरसियरसम्म दर्जा भएको प्राविधिक प्रतिनिधि– – – – सदस्य

(ङ) सम्बन्धित विद्युत सप्लाई गर्ने संस्थाको प्रतिनिधि– सदस्य सचिव

(२) उपनियम (१) बमोजिम गठन गरिएको समितिले आफ्नो काम गर्ने तरीका आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले आवश्यक र उचित देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको थपघट वा हेरफेर गर्न सक्नेछ ।

आज्ञाले–

लक्ष्मणप्रसाद रिमाल

श्री ५ को सरकारको सचिव ।

732

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।